पोखरा विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
लेखनाथ -१२, ढुङ्गेपाटन, कास्की, (फोन नम्बर ०६१-५६१५४६)

**सर्टिफिकेट फोल्डर सप्लाई गर्ने बारेको शिलबन्दी दरभाउपत्र आव्हान**

(प्रथम पटक प्रकाशित मितिः- २०७२।११।१८)

यस कार्यालयमा आर्थिक बर्ष २०७२/०७३ अवधिमा आवश्यक पर्ने दरभाउपत्रमा उल्लेखित विवरण अनुसारको सर्टिफिकेट फोल्डर खरीद गर्नुपर्ने भएको हुँदा सम्बन्धित कामको ईजाजत प्राप्त फर्म, संस्था, कम्पनीबाट देहायका सर्तहरुमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

## सर्तहरु

१. दरभाउपत्र फाराम यस कार्यालयबाट रु. ५००।-(पाँच सय मात्र) बुझाई मिति २०७२ चैत्र २ गते कार्यालय समयभित्र (उक्त दिन विदा परेमा सोको भोलिल्ट) खरिद गरी मिति २०७२ साल चैत्र ३ गते दिनको १२ बजे भित्र (उक्त दिन विदा परेमा सोको भोलिपल्ट) दरभाउपत्रदाताको नाम, ठेगाना, फोन नम्बर आदि स्पष्ट रुपमा उल्लेख गरी पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, लेखनाथ -१२, ढुङ्गेपाटन, कास्कीमा दर्ता गराईसक्नुपर्नेछ । उक्त दिन बिदा परेमा सोको भोलिपल्ट दिनको १२.०० बजेभित्र दर्ता गर्न सकिनेछ ।

२. दरभाउपत्र साथ आर्थिक बर्ष २०७१/०७२ सम्म नविकरण गरेको सम्बन्धित कामको लागि इजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र आन्तरिक राजश्व कार्यालयबाट आर्थिक बर्ष २०७१/०७२ को कर चुक्ता गरेको प्रमाणपत्र अनिवार्य संलग्न गर्नुपर्नेछ ।

३. दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजायँ नपाएको भनी लिखित रूपमा स्वयं घोषणा गरेको निवेदन संलग्न गर्नुपर्नेछ ।

४. धरौटी वापत रु. ११,५००।- (एघार हजार पाँच सय रुपैयाँ) नेपाल इन्भेष्टमेन्ट बैकमा रहेको परीक्षा नियन्त्रण कार्यालयको व.हि.नं. ०११०५०२००११९३८ मा जम्मा गरी सोको सक्कल भौचर दरभाउपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

५. म्यादभित्र प्राप्त नभएको वा रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयमा सुरक्षित रहनेछ ।

६. दरभाउपत्रदाताले कबोल गरेको दररेट अङ्क र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. सप्लाई गर्नुपर्ने सर्टिफिकेट फोल्डरको नमूना यस कार्यालयबाट दिइनेछ ।

८. प्राप्त दरभाउपत्रहरु मिति २०७२ साल चैत्र ३ गते दिनको ३.०० बजे (उक्त दिन विदा परेमा सोको भोलिपल्ट) दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

९. यस सम्बन्धी अन्य कुराहरु खरिद ऐन २०६३ तथा पोखरा विश्वविद्यालय खरिद नियमावली २०७२ बमोजिम हुनेछ ।

१०. सप्लाई गर्नुपर्ने सर्टिफिकेट फोल्डरको स्पेशिफिकेशन लगायत अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

**सिलबन्दी दरभाउपत्र पाइने स्थानः-**

पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, लेखनाथ, कास्की ।
फोनः- ०६१-५६१५४६
काठमाण्डौ सम्पर्क कार्यालय, रातोपुल, गौशाला, काठमाण्डौ ।
फोनः- ०१-४४८६९०२

OFFICE OF THE CONTROLLER OF EXAMINATIONS